# नरैनापुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## नरैनापुर, बाँके

प.सं.: २०८२/०८३ (आर्थिक प्रशासन)
च.नं.: 1102

लुम्बिनी प्रदेश, नेपाल


मिति:२०८३/०२/१९

श्री विषयगत शाखाहरु सबै,
श्री वडा कार्यालयहरु सबै,
श्री उपभोक्ता समितिहरु सबै,
श्री निर्माण व्यवसायीहरु सबै,
श्री संघ/संस्थाहरु सबै ।

विषय: आ.व.२०८२/०८३ को अन्तिम भुक्तानि सम्बन्धमा ।

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम असार १० गते भित्र स्थानिय तहले नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु पर्ने प्रावधान छ । उक्त सम्बन्धमा यस गाँउपालिकाबाट सम्झौता भई कार्यसपन्न भएका विकास आयोजनाहरु (निर्माण व्यवसायीहरु/उपभोक्ता समितिहरु), वडा कार्यालयहरु तथा विषयगत शाखाहरुले लिनुपर्ने भुक्तानी असार १५ गतेभित्र अनिवार्य रुपले आर्थिक प्रशासन शाखामा पेश गर्नुहुन अनुरोध छ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० उपनियम १ र उपनियम ७ अनुसार स्थानीय संचित कोष व्यवस्थापन प्रणाली(SUTRA) मा हिसाव भिडान गर्नु पर्ने, चालु आ.व. मा फ्रिज भएर जाने रकमको एकिन गरि संघिय/प्रदेश संचित कोषमा फिर्ता गरिसक्नु पर्ने, भुक्तानिका लागि काटिएका सबै प्रकारका करकट्टी रकमहरु चालु आ.व. भित्र बैंकमा दाखिला गरिसक्नु पर्ने साथै कोष तथा लेखा नियन्त्रक कार्यालय बाँकेमा आय व्यायको प्रतिवेदन पेश गर्नु पर्ने प्रावधान भएकोले समयमा नै फाईलहरु पेश गरी भुक्तानी लिनुहुन हार्दिक अनुरोध छ । साथै तोकिएको समय सीमा मिति २०८३ असार १५ गते भित्र पेश नभएको फाईलहरुको भुक्तानि हुन बाँकी रहेमा कार्यालय जवाफदेही नहुने र स्वंयम आफै जिम्मेवार हुनुपर्ने सम्पुर्ण सरोकारवालाहरुलाई जानकारीको लागि अनुरोध छ ।

..............................
भरत बस्नेत
आर्थिक प्रशासन शाखा प्रमुख

भरत बस्नेत
वरिष्ठ लेखा अधिकृत

बोधार्थ:

श्री गा.पा. अध्यक्ष तथा अध्यक्षको सचिवालय ।
श्री गा.पा. उपाध्यक्ष तथा उपाध्यक्षको सचिवालय ।
श्री सूचना प्रविधि शाखा मा राख्नुहुन र सूचना प्रवाह गर्नुहनु अनुरोध छ ।
श्री योजना शाखा ।


info@narainapurmun.gov.np, कार्यालय कोड नं.801055706 स्थायी लेखा नं. 201322576
+977 - 9858067361
www.narainapurmun.gov.np
www.facebook.com/narainapurmun


CamScanner